आज मिति २०७८ मसिर २९ गते, बुधबार बिहान ७:३० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको बैठक भनपा वडा नं. २ स्थित नयाँ भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री कुमार चवाल

७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री महेन्द्र खायमली

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौंमिखा

१३. नगर कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल

१४. नगर कार्यपालिका सदस्य श्री छोरी मैया सुजखु (प्रजापति)

१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला

१७. नगर कार्यपालिका सदस्य श्री कृष्ण लक्ष्मी दुवाल

१८. नि. प्रमुख प्रशासकीय अधिकृत श्री रामगोविन्द श्रेष्ठ

**विषयहरु :–**

१. ७२ औं भक्तपुर नगरपालिका स्थापना दिवस मनाउने सम्बन्धमा ।

२. समिति निर्णय अनुमोदन सम्बन्धमा ।

३. विविध ।

**निर्णयहरुः–**

१. भक्तपुर नगरपालिकाको ७२ औं स्थापना दिवसको अवसरमा देहायको मिति, समय र स्थानमा प्रवचन कार्यक्रम आयोजना गर्ने निर्णय गरियो :

मिति : २०७८ पुस २ गते, शुक्रवार

समय : विहान ७:३० बजे

स्थान : नगरपालिका सभा कक्ष

उपरोक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवं संघीय प्रतिनिधि सभाका माननीय सांसद श्री प्रेम सुवालको प्रमुख अतिथिको रुपमा निमन्त्रणा गर्ने निर्णय गरियो ।

२. भक्तपुर नगरपालिकाभित्र संचालित पुस्तकालय तथा वाचनालयहरुको वर्तमान अवस्थाबारे अध्ययन गर्न जनज्योति पुस्तकालयको शाखा प्रमुख श्री भूपाल मूलको संयोजकत्वमा गठित कार्यदलको प्रतिवेदन अनुसार पुस्तकालय तथा वाचनालयहरु व्यवस्थित परिचालनका लागि सम्बन्धित वडा कार्यालयको सिफारिसमा प्रत्येक वडाबाट कम्तिमा एउटा पुस्तकालय तथा वाचनालयलाई नगद रु.१,००,०००।– (अक्षेरुपी एक लाख रुपैयां) सम्मको अनुदान प्रदान गर्ने निर्णय गरियो ।

३. यस नगरपालिकाको देहायका विभिन्न समितिहरुको निम्न निर्णयहरु अनुमोदन गरियो :

**१. महिला, बालबालिका तथा समाज कल्याण समिति :**

मिति : २०७८।८।२८ गते बसेको महिला, बालबालिका तथा समाज कल्याण समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

क. भक्तपुर नगरपालिकाबाट विभिन्न सीपमूलक तालिम दिने सूचना प्रकाशन अनुसार बेसिक सिलाईमा आवश्यक निवेदक पुग्दो भएकोले सो तालिम संचालन गर्ने र आवश्यक संख्या नपुगेका तालिमहरु एड्भान्स सिलाई, हेयर कटिङ्ग, पाक शिक्षा तालिमको पुनः सूचना 'मजदुर' दैनिक पत्रिकामा प्रकाशन गर्ने निर्णय गरियो ।

**२. युवा तथा खेलकुद समिति :**

मिति : २०७८।८।१६ गते बसेको युवा तथा खेलकुद समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

क. भक्तपुर नगरपालिकाको आयोजनामा २०७८ मंसिर २०–२४ गतेसम्म हुने भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगितामा सहभागी भएका भक्तपुर नगरभित्रका विद्यालयहरुलाई निम्न अनुसारको खेलकुद सामग्री वितरण गर्ने निर्णय गरियो :

१. ब्याटमिन्टन राकेट – २ वटा

२. फ्लाइङ्ग डिक्स – २ वटा

३. टेबुल टेनिस वाय्ट र बल – २ सेट

४. सानो फुटबल (२ नं.) को – २ वटा

५. ठूलो बल (३ नं. ) को – २ वटा

६. पायटन (एथ्लेटिक्सको सामग्री) – १ सेट

७. भलिबल – १ वटा

८. फुटबल – १ वटा

९. स्किपिङ्ग रोप – २ वटा

मिति : २०७८।८।२१ गते बसेको युवा तथा खेलकुद समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

क. भक्तपुर नगरपालिकाको आयोजनामा २०७८ मंसिर २०-२४ गतेसम्म हुने भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको पुरस्कार वितरण एवं समापन समारोहको लागि प्रमुख अतिथि, विशेष अतिथि, अतिथिहरु तपसिल अनुसार आमन्त्रण गर्ने निर्णय गरियो :

**तपसिल**

प्रमुख अतिथि : - श्री प्रेम सुवाल, सचिव एवं सांसद नेपाल मजदुर किसान पार्टी

विशेष अतिथि :- श्री सृजना सैंजु, प्रदेश सदस्य, बागमती प्रदेश

अतिथि : श्री रुद्रादेवी शर्मा, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, भक्तपुर

अतिथि : श्री शिवकुमार श्रेष्ठ, प्रहरी उपरीक्षक, महानगरीय प्रहरी परिसर, भक्तपुर ।

प्रमुख प्रशासकीय अधिकृत श्री राम लाल श्रेष्ठ,

कार्यक्रम :

उद्घोषक : श्री हरि प्रसाद बासुकला, सदस्य युवा तथा खेलकुद समिति

स्वागत : श्री श्यामकृष्ण खत्री, संयोजक, युवा तथा खेलकुद समिति

धन्यवाद ज्ञापन : श्री उकेश कवां, सदस्य, युवा तथा खेलकुद समिति

विजयी खेलाडी घोषणा : श्री विनोदचरण राय

ख. भक्तपुर नगरपालिकाको आयोजनामा २०७८ मंसिर २०-२४ गतेसम्म हुने भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको विभिन्न खेल प्रतियोगिताका निर्णायक/रेफ्रीहरुलाई प्रति व्यक्ति प्रतिदिन रु.१०००।- (अक्षेरुपी रु.एक हजार) पारिश्रमिक दिने निर्णय गरियो ।

ग. भक्तपुर नगरपालिका र भक्तपुर जिल्ला जिम्नाष्टिक संघसंग सम्झौता गरी २०७६ माघ महिनादेखि निरन्तर रुपमा प्रशिक्षण संचालन गरिरहेको जिम्नाष्टिक प्रशिक्षण २०७८ मंसिर महिनादेखि भक्तपुर नगरपालिकाबाट प्रशिाक्षण संचालन गर्ने र उक्त प्रशिक्षणका लागि भक्तपुर नगरपालिका वडा नं. ४ बस्ने श्री कृष्णराम जाकिबन्जारलाई प्रशिक्षकमा नियुक्ति गर्ने निर्णय गरियो ।

**३. शिक्षा, स्वास्थ्य तथा संस्कृति समिति :**

मिति : २०७८।८।२८ गते बसेको शिक्षा, स्वास्थ्य तथा संस्कृति समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

क. भक्तपुर नगरपालिकाभित्र संचालित पुस्तकालय तथा वाचनालयहरुको संचालन कार्यलाई प्रभावकारी बनाउन नियमित अनुगमन तथा निरीक्षण गर्ने जिम्मेवारी नगरपालिकाद्वारा संचालित जनज्योति पुस्तकालय प्रदान गर्ने निर्णय गरियो ।

ख. भक्तपुर नगरपालिकाभित्र संचालित पुस्तकालय तथा वाचनालय संचालकहरुलाई पुस्तकालय संचालन विधि सम्बन्धी तालिम प्रदान गर्ने निर्णय गरियो ।

ग. भक्तपुर नगरवासी युवाहरुलाई लक्षित गरी यस नगरपालिकाको आयोजनामा चिनियां तथा जापानी भाषा, नेपाल भाषा लिपी सम्बन्धी प्रशिक्षण संचालन गर्ने र सोको लागि सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

घ. भक्तपुर नगरपालिकाद्वारा संचालन गरिने टेलिभिजन स्वीकृतिको लागि प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

ङ. भक्तपुर नगरपालिकाभित्र संचालित सामुदायिक आधारभूत विद्यालयहरुको बाल विकास केन्द्र (ECD) को स्तरोन्नतिको लागि नगरपालिकाको तर्फबाट सम्बन्धित वडा कार्यालयको सिफारिसमा प्रतिविद्यालय रु.१,००,०००।– (रु. एक लाख) आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो ।

च. भक्तपुर नगरपालिकाद्वारा उच्च शिक्षा हासिल गर्ने नगरवासीहरुलाई शैक्षिक ऋण प्रदान गर्ने उद्देश्यले सूचना प्रकाशित गरे अनुसार निर्धारित समयावधिमा आवेदन दिएका वडावासी विद्यार्थीहरुलाई देहायको मिति, समय र स्थानमा अन्तरवार्ता लिने र सोको लागि सार्वजनिक सूचना प्रकाशित गर्ने निर्णय गरियोः

मिति : २०७८ पुष ७ गते, बुधबार

समय : विहान ८:०० बजे

स्थान : भक्तपुर नगरपालिका सभाकक्ष

**छ. भक्तपुर नगरपालिका वडा नं. ५ स्थित लक्ष्मी नरसिंह पुनः निर्माण कार्यको लागि इन्जिनियर श्री सुजन माकको संयोजकत्वमा देहाय बमोजिमको निर्देशक समिति गठन गर्ने निर्णय गरियो :**

१. **संयोजक : ई. श्री सुजन माक**

२. **सदस्य : ई. श्री सुनिल दुवाल**

३. **सदस्य : ई. श्री अमित प्रजापति**

४.**सदस्य : आ. श्री रबिता सिल्पकार**

५. **सदस्य : आ..श्री प्रमिला सिल्पकार**

६. **सदस्य : ई. श्री ससिन प्रजापति**

७. **सदस्य सचिव : आ. श्री रामगोविन्द श्रेष्ठ**

## **४. निर्माण समिति :**

| मिति २०७८/८/२९ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरू : | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| निर्माण समितिको मिति २०७८/०८/२४ गतेको बैठकको निर्णयहरू : | | | | | | | | | | | | |
| क्र.सं | योजनाका विवरण | वडा नं | बजेट | ल.ई.रकम | रि ल.ई कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याकन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
| ल.ई. खण्डीकरण गरी पुन:सूचना प्रकाशन गर्न स्वीकृत सम्बन्धमा | | | | | | | | | | | | |
| १ | भक्तपुर नगरपालिका फोहोरमैला प्रशोधन केन्द्र सञ्चालनका लागि सामाग्री खरिद कार्य गर्न ल.ई. ३,६५,००,०००।०० मिति २०७८/७/१७ गतेको नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भई मिति २०७८/०७/२४ गते अनलाइन बोलपत्र आह्वानको प्रकाशित सूचनाअनुसार मिति २०७८/०८/२४ गते बोलपत्र खोल्दा कुनै पनि बोलपत्रदाताको प्रस्ताव नपरेको हुंदा उक्त कार्य गर्नको लागि स्वीकृत ल.ई. लाई निम्नानुसार पांच खण्डमा खण्डीकरण गरी पुन:सूचना प्रकाशन गर्ने निर्णय गरियो । | | | | | | | | | | | सूचना प्रकाशन गर्ने निर्णय गरियो । |
| ठ | List of equipments for Rikishi Compost Plant | | | १,१६९,३६०।०० | | | | | | | | |
| द्य | Raw material for second stage Rikishi Compost Plant | | | ४,१२२,०००।०० | | | | | | | | |
| = | Equipment for Box Composting | | | २,१७५,१७२।०० | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| [illegible] | Equipment for Hospital waste | | | ३,९०९,३००।०० | | | | | | | | |
| [illegible] | Vehicles used for Transportation and Compaction | | | २०,८००,०००।०० | | | | | | | | |
| | Total | | | ३२,१७५,८३२।०० | | | | | | | | |
| | VAT 13% | | | ४,१८२,८५८।१६ | | | | | | | | |
| | Contingency | | | १४१,३०९।८४ | | | | | | | | |
| | All Total | | | **३६,५००,०००।००** | | | | | | | | |
| | **ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | |
| १ | चुपिंग घाटस्थित भजन घर जिर्णोद्धार कार्य (पहिलो चरण) | ५ | बागमती प्रदेश सशर्त बजेट | १,३९०,२४३।४१ | | | | | | | | |
| **उपभोक्ता/अनुगमन समिति स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | चुपिंग घाटस्थित भजन घर जिर्णोद्धार कार्य (पहिलो चरण) | ५ | बागमती प्रदेश सशर्त बजेट | १,३९०,२४३।४१ | | उ.स.अ. : श्री पुण्यराम सुवाल अ.स.स. : श्री बलराम न्हिसुतू | | | | | | |
| **ल.ई. स्वीकृत/पेश्की फछ्र्यौट/ भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | बासु माध्यामिक विद्यालयको चारकोठे भवन निर्माण कार्य | २ | संघीय सरकार भौतिक पूर्वाधार (आ. व. २०७५/७६) | २,२९२,४२३।२९ | | | १,८६०,६१२।८० | १,८६०,६१२।८० | २,१६५,०६०।१० | सम्पन्न | विद्यालय व्यवस्थापन समिति | रू.६०,६१२।८० बासु मा.विबाट व्यहोर्ने । |
| **पेश्की फछ्र्यौट/भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | गय:भिद्यो पुल निर्माण ( पांचौं चरण) | ७ | नपा | १,९४७,९१२।३८ | | | **१,७५५,२६४।२३** | **१,७५५,२६४।२३** | **१,८३७,६३५।३९** | | | गय:भिन्द्यो देखि आदर्श बस स्टपसम्म दुवैतर्फ पेटी निर्माण तथा ढुंगा छपाई कार्य शीर्षकबाट व्यहोर्ने । |

| | | | |
|---|---|---|---|
| **बजेट संशोधन सम्बन्धमा** | | | |
| १ | आ.व. २०७८/०७९ मा भ.न.पा. वडा नं. ७ स्थित गय:भिद्यो पुल निर्माण (पांचौं चरण) कार्य गर्न ल.ई. रू.१९,४७,९१२।३८ स्वीकृत भई सञ्चालित योजनाको लागि अपुग बजेट आ.व. २०७८/०७९ मा विनियोजित गय:भिन्द्योदेखि आदर्श बस स्टपसम्म दुवैतर्फ पेटी निर्माण तथा ढुंगा छपाई कार्य बजेट शीर्षकबाट रू.१७,५५,२६४।२३ व्यहोर्ने र गय:भिन्द्योदेखि आदर्श बस स्टपसम्म दुवैतर्फ पेटी निर्माण तथा ढुंगा छपाई कार्य बजेट शीर्षकमा बांकी रू.२ ७,४४,७३५।७७ रहने गरी बजेट संशोधन गर्ने निर्णय गरियो । | | |

६. **विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :**

क. भ.न.पा.को ५४९६ नं. को एम्बुलेन्स मर्मत गरे वापत रू.९,३००।– एस. के. आमोस सिट हुट सेन्टरलाई भुक्तानी गरिएको अनुमोदन गर्ने निर्णय गरियो ।

ख. सफाइ गाडी ८७४९ नं. मर्मत गराए वापत रू.७६,१०५।– अजिमा अटो वर्कशपलाई भुक्तानी गरिएको अनुमोदन गर्ने निर्णय गरियो ।

ग. यस भ.न.पा.को वा १ क ९०२५ वाकोहो लोडर मर्मत गराए वापत रू.१,३४,५९०।– हाम्रो हेभि इक्विपमेन्ट वर्कशप प्रा.लि.लाई भुक्तानी गरिएको अनुमोदन गर्ने निर्णय गरियो ।

घ, यस न.पा.को वा १ क ४५५४ जेट मेशिन मर्मत गराए वापत रू.२१,१८७–, ३३३९१ नं. २२६३ नं. को सफाई गाडी मर्मत गराए वापत रू. ५१,५८४।– गरी जम्मा रू. १,०६,१६२।– सिद्धि गणेश मोटर पार्टसको नाउंमा भुक्तानी गरिएको अनुमोदन गर्ने निर्णय गरियो ।

ङ. विश्व पर्यटन दिवसको अवसरमा भक्तपुरका स्थानीय पथ प्रदर्शकहरूलाई भर्चुअल टुर गाईड र रिफ्रेसर तालिमको लागि पर्यटक सेवा केन्द्र प्रमुख श्री गौतम प्रसाद लासिवाले रू.५०,०००।– पेश्की लिई रू.५१,१६१।– को विल भर्पाइ पेश गरी पे.फ. का लागि पेश गरेको निवेदन अनुसार निजले पेश गरेको खर्च समर्थन गरी निजको नाउंमा रहेको पेश्की फर्छ्यौट गरी नपुग रकम भुक्तानी गर्ने निर्णय गरियो ।